आज मिति २०७५ साल कार्तिक ०८ गते विहिवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | **उपस्थित** |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| <u>कार्यकारीणी सदस्यहरु</u> | | |
| | श्री तमवहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतवहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ति | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |

<u>निर्णय नं.१:</u> चालु आ.व.२०७५/०७६ को लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने गरी निम्नानुसारका आयोजनाहरु स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

| | |
|---|---|
| (क) कालिका मार्ग | व्यास ०७ र ०८ |
| (ख) शहिद कालिका जंगल पार्क | व्यास ०४ |
| (ग) केशवटार मार्ग | व्यास १३ र ०२ |
| (घ) तालघारे दुम्सीचौर अधेरीभन्ज्याङ्ग मार्ग | व्यास १० |

| | | |
|---|---|---|
| (ङ) | क्यामिन मार्ग | व्यास ०७ |
| (च) | गलेखाम पर्यटन विकास | व्यास ०६ |
| (छ) | माहेन्द्री मार्ग | व्यास ०५ |
| (ज) | मादीनदी तटबन्धन | व्यास ०५ |
| (झ) | गुणादी खोला कजवे निर्माण | व्यास ०५ |
| (ञ) | शान्ति मोटर मार्ग | व्यास ०६ |

**निर्णय नं.२:** शान्ति सुरक्षाका प्रति आम नागरिकहरुमा उत्तरदायित्व बोध गराउँदै सामाजिक बिकृति बिसंगति विरुद्ध जनचेतना अभिवृद्धि गर्दै अपराध रोकथाम र शान्ति सुरक्षा कायम गर्ने महान कार्यमा आम नागरिकहरुलाई उत्तरदायी गराउँदै शान्ति तथा अमन चयन कायम गर्ने उद्देश्यका साथ नेपाल सरकारले अवलम्वन गरेको नयाँ अवधाराण सहितको सुरक्षा नीति, अन्तर्गत प्रस्ताव गरिएको समुदाय प्रहरी साझेदारी कार्यक्रमको प्रस्तावना बमोजिमको अभियानमा यस नगरपालिकाको तर्फबाट पूर्ण रुपमा प्रतिवद्धता एवं सक्रिय सहभागिता जनाउने निर्णय गरियो । साथै सोही प्रस्तावनामा निर्धारित मादपदण्ड बमोजिम निम्नानुसारको नगर स्तरीय **समुदाय-प्रहरी पालिका समिति** गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | संयोजक |
| उप प्रमुख | श्री मिरा जोशी | सहसंयोजक |
| प्रहरी निरीक्षक | श्री कृष्ण वस्याल | सदस्य |
| वडाध्यक्ष | श्री तुलसीराम सापकोटा | सदस्य |
| प्रहरी नायव उपरिक्षक | श्री श्यामु अर्याल | सदस्य सचिव |

**निर्णय नं.३:** यस नगरपालिकामा रहेको वारुणयन्त्रको प्रभावकारी संचालन र आकस्मिक रुपमा आई पर्ने अन्य प्रकृतिक विपदहरुको समुचित व्यवस्थापनको लागि राखिएका मौजुदा जनशक्तिलाई अझवढी दक्ष बनाउनु पर्ने आवश्यकता रहेको साथै विपद व्यवस्थापनको लागि मौजुदा जनशक्तिको न्यूनता समेत खड्की रहेको वर्तमान परिप्रेक्षयमा सबै वडाहरुमा विपद व्यवस्थापनको सहजताको लागि हरेक वडाबाट एक-एक जना कर्मचारी, कार्यालयको सम्बन्धित शाखाबाट २ जना कर्मचारी र कम्तिमा ८ जना नगर प्रहरी एवं चालक र सहचालक समेतलाई सम्बन्धित विषयका विशेषज्ञ वा परामर्शदाता कम्पनी, संघ संस्था तथा सरकारी एवं गैरसरकारी निकायसँग समन्वय गरी दक्षता अभिवृद्धि सम्बन्धी तालिम दिई विपद व्यवस्थापन कार्यमा थप चुस्तता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** यस नगरको विकास र संभावनाको आधारमा प्रमुख अग्रणि क्षेत्रको रुपमा रहेको **पर्यटन क्षेत्रको** विकास एवं प्रवर्द्धनको लागि आवश्यक सम्पूर्ण क्रियाकलापहरु अगाडि बढाउन एवं पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग तथा व्यवसायहरुको दर्ता स्तरोन्नति एवं अनुगमन साथै नियमन गर्न सहयोग पुर्‍याउने गरी निम्नानुसारको पर्यटन प्रवर्द्धन समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| वडाध्यक्ष | श्री काशीराम श्रेष्ठ | संयोजक | व्यास ०२ |
| | श्री ध्रुव पण्डित | सदस्य | व्यास ०१ |
| | श्री सन्तोष श्रेष्ठ | सदस्य | व्यास ०२ |
| | श्री के.वि. थापा | सदस्य | व्यास ११ |
| | श्री सुशिला शर्मा | सदस्य | व्यास ०४ |
| | श्री आशा दरै | सदस्य | व्यास १० |
| शाखा अधिकृत | श्री विमल गिरी | सदस्य सचिव | |
| विशेषज्ञ सल्लाहकार | श्री हरिसिं गुरुङ्ग | | व्यास ०१ |

**निर्णय नं.५**: यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा परिवर्तित कानूनी व्यवस्था मुताविक प्रधानाध्यापक नियुक्ति गर्नका लागि यस अगावै सूचित गरिएकोमा कतिपय विद्यालयहरुले हालसम्म पनि परिवर्तित कानूनी व्यवस्था अनुसार प्रधानाध्यापक नियुक्ति नगरेको हुनाले यही कार्तिकमसान्त भित्र प्रधानाध्यापक नियुक्ति गर्न ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने विभिन्न जातजाती तथा सम्प्रदायहरुको आआफ्नो मूर्त तथा अमूर्त एवं लोपोन्मुख अवस्थामा रहेका संस्कृति, परम्परा, भेषभूषा एवं खानपान र रहन सहनका विषयमा गहन रुपमा अध्ययन र अनुसन्धान गरी सामाजिक सांस्कृतिक एवं अनुसन्धानात्मक श्रव्य-दृष्य तयार पार्ने कार्यका लागि साभ नेपाल (Saav Nepal) द्धारा पेश हुन आएको प्रस्ताव स्वीकृत गरियो । साथै उक्त परामर्शदाता कम्पनीलाई सो कार्य गरे वापत सम्पूर्ण करहरु सहित एक मुष्ठ रु४,६०,०००। (अक्षेरुपी चार लाख साठी हजार रुपैयाँ मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७:** यस नगरपालिका क्षेत्रभित्र रहेका कतिपय विद्यालयहरु निर्धारित मापदण्ड अनुसारको विद्यार्थी संख्या एवं शिक्षक दरबन्दी लगायत भौतिक पूर्वाधारको दृष्टिकोणले एक अर्को विद्यालयसँग एकीकरण गर्दा शैक्षिक उन्नयनमा टेवा पुग्न जाने अवस्था रहेको हुँदा त्यस्ता प्रकृतिका सामुदायिक विद्यालयहरुको एकीकरण प्रकृयालाई अगाडि बढाउन आवश्यक गृहकार्य गर्नका लागि नगर शिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.८:** संयुक्त अधिराज्य वेलायतको विस्टोल शहरमा हालै सम्पन्न विश्वका नगर प्रमुखहरुको संसद (Global Parliament Of Mayors, GPS) को वार्षिक बैठकद्धारा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूलाई उक्त संसद (Global Parliament Of Mayors, GPS) मा दक्षिण एशिया क्षेत्रका नगर प्रमुखहरुको प्रतिनिधित्व समेत गर्ने गरी नेपालको तर्फबाट कार्यकारीणी समितिको सदस्य पदमा (सन २०१८ देखी २०२२ सम्मका लागि) चयन गरिएको हुँदा यस सुखद घडीमा नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूलाई हार्दिक वधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो । साथै सो पदमा चयन गर्नुहुने (Gobal Parliament Of Mayors, GPS) का प्रमुख एवं उहाँको टिममा रहनु भएका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** यस नगरपालिकाको नवनिर्मित बहुउद्देश्यीय भवनमा पहिलो चरणमा भाडामा नलागी बांकी रहेका पसल कवलहरु भाडामा लगाउन पुन: प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्रतिस्पर्धाको आधारमा सबैभन्दा बढी अंक कवोल गर्ने निम्नानुसारका व्यक्तिको निम्नानुसारको मासिक भाडा रकम अनुसारको बोलपत्र स्वीकृत गर्न बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएको हुँदा सोही अनुसार स्वीकृत गर्ने निर्णय गरियो । साथै हालसम्म पनि भाडामा नलागेका कवलहरुको हकमा आपसी वार्ताद्वारा इच्छुक व्यक्ति तथा फर्महरुलाई भाडामा लगाउने वा कार्यालयको बसाई व्यवस्थापनको लागि उपयोग गर्ने भन्ने सम्बन्धमा उपयुक्त निर्णय लिन कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

| पसल कवल नं. | बोलपत्रदाताको नाम | कवोल गरेको रकम |
|---|---|---|
| ११६ | सुस्मिता थापा | रु.२०,५००। |
| ११७ | विपिना थापा | रु.४१,७७५। |
| १२७ | विष्णुमाया आले | रु.४१,३००। |
| १२८ | भिमबहादुर आले | रु.२६,०००। |
| १३३ | कौशिलादेवी थापा | रु.१८,५००। |

| | | |
|---|---|---|
| १३५ | मधुकुमारी खान | रु.२०,१११। |

**<u>निर्णय नं.१०:</u>** यस नगरपालिकाद्वारा असुली गरिदै आइएको एकिकृत सम्पत्तिकरको सम्बन्धमा हालै यस अघि प्रचलित नियममा केही संशोधन हुन आएको सन्दर्भमा हालको दरमा थपघट नहुने गरी नियमानुसार सम्पत्तिकर तथा मालपोत शुल्क असुलीको लागि आवश्यक गृहकार्य गरी असुली प्रक्रिया अगाडि बढाउन आर्थिक प्रशासन शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.११:</u>** यस कार्यालयमा करार सेवामा नियुक्ति भई कामकाज गर्दै आउनु भएका जुनियर इन्जिनियर भगवान जोशीको करार सेवा अवधि यहि २०७५ साल आश्विन मसान्तदेखि समाप्त भएकोले म्याद समाप्त भएकै मितिदेखि लागू हुने गरी साविकमा खाइपाई आएको सेवा सुविधा पाउने गरी २०७५ साल पौष मसान्तसम्म पुन: करार सेवा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१२</u>**: व्यास नगरपालिका क्षेत्र भित्रको आ.व.२०७५/०७६ का लागी ठेक्का नं.०५, खण्ड क: प्राकृतिक स्रोत उत्खनन् तथा बिक्री (मादीनदी ढुंगा, गिटी, वालुवा) शुल्क उठाउने ठेक्का लगाउन मिति २०७५ भाद्र २७ गते विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशित गरी तोकिएको समयमा रीतपूर्वक दाखिला हुन आएका विभिन्न फर्म/कम्पनीका बोलपत्रहरु मिति २०७५।०६।२६ गते विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहवरमा मूचुल्का गरी खोलिएको र त्यसरी खोलिएका बोलपत्रहरु घाँसीकुवा निर्माण सेवा, व्यास १२ तनहुँ र श्री फेवा कन्स्ट्रक्सन JV सावित्री निर्माण सेवा, पोखरा ५, कास्की मध्ये घाँसिकुवा निर्माण सेवा, व्यास १२, तनहुंले बोलपत्रका साथ धरौटी वापतको बैंक भौचर/बैंक ग्यारेण्टी समावेश नगरेको तथा विद्युतीय माध्यमबाट समेत ठेक्का नं.५ का लागि कुनैपनि बोलपत्र दर्ता नभएको र श्री फेवा कन्स्ट्रक्सन, पोखरा ६ कास्की JV सावित्री निर्माण सेवा, पोखरा ५, कास्कीले कार्यालयले तोकेको न्यूनतम कवोल अंक रु.४ करोड भन्दा २.९७% ले बढी (रु.४,११,८९,०००।००) कबोल गरेको देखिन्छ । अत: माथि उल्लेखित पृष्ठभूमिमा नगरपालिका कार्यालयले निर्धारण गरेको न्यूनतम अंक ( मू.अ.क./अग्रिम आय कर वाहेक) रु.४,००,००,०००।०० मा सबै भन्दा बढी अंक कबोल गर्ने श्री फेवाकन्स्ट्रक्सन, पोखरा ६ कास्की JV सावित्री निर्माण सेवा, पोखरा ५, कास्कीले कबोल गरेकोले (मू.अ.क./अग्रिम आय कर वाहेक) अंक रु.४,११,८९,०००।०० (चार करोड एघार लाख उनानब्बे हजार रुपैया मात्र) को बोलपत्र स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिव देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने कार्यका लागि मूल्यांकन समितिबाट सिफारिस भै आएकोले उक्त बोलत्रप स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३</u>**: राज्य पुर्न संरचना पश्चात लागू भएको नयाँ प्रशासनिक ढाँचा बमोजिम स्थानीय तहहरुबाट सम्पादन हुने सेवा तथा सुविधाको गुणस्तरलाई थप प्रभावकारी गराउने उद्देश्यका साथ स्थानीय तहहरुको न्यूनतम भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनको लागि स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ अन्तर्गत रहेको जिल्ला कर्मचारी व्यवस्थापन समितिको मिति २०७४।९।२६ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय तनहुँको पत्र संख्या २०७४/०७५ च.नं २९६० मिति २०७४।१०।०३ को पत्र अनुसार यस कार्यालयमा कामकाज गर्न सरुवा भई आउनु भएका महिला कार्यकर्ता श्री बिन्दु पौडेल र उल्लेखित पृष्ठभूमि बमोजिम जिल्ला प्राविधक कार्यालय तनहुँको प.स. २०७४/०७५ च.नं २६२ मिति २०७४/११/०३ बमोजिम यस कार्यालयमा काज सरुवा भई आउनु भएका खा.पा.स.टे. श्री बद्रिनाथ पण्डितलाई निजहरुको सेवा र सुविधा सम्बन्धमा केन्द्र सरकारबाट एकिन भई नआएको अवस्थामा २०७५ श्रावण देखि २०७५ आश्विन मसान्तसम्म साविकको कार्यालयमा कार्यरत रहंदाका वखत खाईपाई आएको तलव भत्तामा नबढ्ने गरी तथा नघट्ने गरी तलव भत्ता

भुक्तानी दिने गरी म्याद थप गरिएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७५/०७६ च.नं ११३ मिति २०७५/०५/१२ को पत्रद्वारा नेपाल सरकार अन्तर्गतका विभिन्न निकाय वा आयोजनाहरुमा कार्यरत अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा भएको नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५।०५।०२ को निर्णय आवश्यक कारवाहीको लागि पठाइएकोमा उल्लेखित दुई कर्मचारीहरुको सम्बन्धमा निर्णयको बुदां नं ६ आकार्षित हुने अवस्था भने रहेको तर सो बुदां अनुसार हालसम्म निज कर्मचारीहरुसँग सम्बन्धित कुनैपनि आयोजना वा कार्यक्रम हालसम्म यस नगरपालिकालाई हस्तान्तरण भई नआएको हुनाले निजहरुले नियुक्ति लिंदाका बखत निजहरुको सेवा शर्तमा उल्लेख भए अनुसारको सुविधा वा पुर्नस्थापना खर्चको कुनैपनि दायित्व यस नगरपालिकाले नलिने गरी साविकको तलव र भत्ता मात्र थपघट नहुने गरी अगामी पौष मसान्तसम्म म्याद थप गरिदिने निर्णय गरिन्छ ।

<u>**निर्णय नं.१४:**</u> जिल्ला समन्वय समिति तनहुँको पत्र संख्या २०७५/०७६ च.नं १२० मिति २०७५/५/२७ को पत्रद्वारा यस नगरपालिकामा काज सरुवा गरी पठाइएका कार्यालय सहयोगी श्री खिमबहादुर दरै र जिल्ला कर्मचारी व्यवस्थापन समितिको मिति २०७५/५/२० निर्णयानुसार जिल्ला समन्वय समिति तनहुँको पत्र संख्या २०७४/०७५ च.नं ४१३ मिति २०७४/६/८ गतेको पत्रद्वारा काज सरुवा गरी पठाइएका कार्यालय सहयोगी श्री बसुन्धरा जमरकट्टेलेलाई अर्को व्यवस्था नभएसम्मको लागि हाल निजहरुले साविकको कार्यालयमा कार्यरत रहंदाका बखत खाइपाई आएको तलव भत्तामा थपघट नहुने गरी आगामी पौष मसान्तसम्मका लागि करार सेवाको म्याद थप गरी करार सम्झौता गरी काममा लगाउने साथै तत्पश्चात निजहरुको सेवाको अपरिहार्यता हुने नहुने एकिन गरी सेवा आवश्यकता रहेमा यस कार्यालयमा करार सेवामा कार्यरत अन्य कर्मचारीहरुको सेवा सुविधा समेतलाई आधार बनाई करार सेवामा लिने गरी जनशक्ति व्यवस्थापनको आवश्यकता गृहकार्य अगाडि बढाउने निर्णय गरिन्छ ।

<u>**निर्णय नं.१५**</u>: हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली एवं नेपाल संवत र छडपर्वको पूर्व सन्ध्यामा मिति २०७५/०६/२६ गते यस नगरपालिकामा आयोजित शुभकामना आदान प्रदान तथा जलपान कार्यक्रममा भएको कुल खर्च रु.१,३७,३२०। (अक्षेरुपी एक लाख सड्तिस हजार तिन सय बिस रुपैयाँ) अनुमोदन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.१६:**</u> विकास र बढ्दो शहरीकारण सँगसँगै लोप हुँदै गएका हाम्रा संस्कृति, परम्परा र चलन चल्तीहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले विजया दशमी तथा दीपावलीलाई लक्षित गरी नगरपालिकाद्वारा निर्माण गरिएको एउटा आठ पिर्के रोंटे पिङ तथा दुई वटा लिङ्गे पिङको निर्माण तथा जडान खर्च र हालसम्मको अवधिमा भएको सानो तिनो मर्मत खर्च वापत हुन गएको कुल खर्च रु.१,५४,३२०। (अक्षेरुपी एक लाख चौवन्न हजार तिन सय बिस रुपैयाँ) मात्र अनुमोदन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.१७**</u>: आ.व.२०७५/०७६ मा उत्खनन् हुने मादी नदीको नदीजन्य पदार्थ उत्खनन् गरे वापत लाग्ने प्राकृतिक साधन उपयोग करको ठेक्का प्राप्त श्री फेवा सावित्री जे.भी. पोखरालाई मिति २०७५/०७/०४ गतेसम्मको समय सिमा दिई सम्झौताको लागि पत्राचार गरिएकोमा नजिकिदै गरेको विजया दशमीको कारण उल्लेख गरी ७ दिन सम्झौताको तयारीको लागि म्याद थपको माग गरी मिति २०७५/०७/०४ गते दर्ता गरेको निवेदन उपर छलफल भयो । सो सम्बन्धमा सम्झौताको तयारीका लागि २०७५/०७/११ गतेसम्म अन्तिम समय सिमा रहने गरी म्याद थप गरिदिने निर्णय गरियो ।

**निर्णय नं.१८**: यस नगरपालिका क्षेत्र अन्तर्गत उत्पादन भई अन्य स्थानीय तहहरुमा आपूर्ति हुने विभिन्न वस्तुहरुको स्थानीय उत्पादन अन्तरपालिका बिक्री शुल्क असुली सम्बन्धी ठेक्का बन्दोवस्तीको लागि मिति २०७५/४/२० गते प्रकाशित सिलबन्दी बोलपत्र आव्हान सूचना अनुसार दर्ता हुन आएको श्री लक्ष्मी निर्माण सेवा व्यास २ ले पेश गरेको बोलपत्र स्वीकृतिका लागि बोलपत्र मूल्यांकन समितिको मिति २०७५/०७/०७ को बैठकबाट स्वीकृतिको लागि सिफारिस भई आएकोमा उल्लेखित फर्मले पेश गरेको अग्रिम आय कर र मुल्य अभिवृद्धि कर वाहेकको रु.६०,००,१००। (अक्षेरुपी साठी लाख एक सय रुपैयाँ) मात्रको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**: तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री भरतकुमार शर्माको अध्यक्षतामा मिति २०७५/६/१८ गते बसेको विभिन्न स्थानीय तहहरुका प्रमुख एवं प्रतिनिधिहरु सहितको संयुक्त एवं समन्वयात्मक बैठकको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय तनहुँको पत्र संख्या २०७५/०७६ चलानी नम्बर १६०२ मिति २०७५/०६/२५ गतेको रमाना पत्र अनुसार यस कार्यालयमा मिति २०७५/०७/०१ गते हाजिर हुन आउनु भएका तत्कालिन स्थानीय शान्ति समिति तनहुँको करार सेवा तर्फका कर्मचारी, शाखा अधिकृत श्री विमल गिरीसँग हाललाई २०७५ पौष मसान्तसम्म साविकमा खाइपाई आएको तलव भत्ता तथा अन्य सुविधामा थपघट नहुने गरी करार सेवा सम्बन्धी सम्झौता गरी कार्यालयको कामको जिम्मेवारी दिने निर्णय गरियो ।